नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, माघ १४ गते २०३३ साल [अतिरिक्ताङ्क ४० (ख)

गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको

सूचना

गाउँ पञ्चायत ऐन, २०१८ को दफा २ को खण्ड (ङ) तथा नगर पञ्चायत ऐन, २०१९ को दफा २ को खण्ड (४क) अनुसार गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले स्थायी बसोबास गरेको भन्नाले देहायबमोजिमको कुरा सम्झनुपर्छ भनी तोकेको छ :

(१) यस अघि जसले जुन ठाउँबाट पञ्चायत वा वर्गीय संगठन र व्यावसायिक संगठनको निर्वाचनमा भाग लिएको छ सो ठाउँमा निजले स्थायी बसोबास गरेको मानिनेछ ।

स्पष्टिकरण: कसैले पटक पटक गरी विभिन्न ठाउँको निर्वाचनमा भाग लिएको रहेछ भने पछिल्लो पटक जुन ठाउँको निर्वाचनमा भाग लिएको छ सोही ठाउँमा निजको स्थायी बसोबास भएको मानिनेछ ।

(२) यस अघि पञ्चायत वा वर्गीय संगठनको निर्वाचनमा भाग नलिएको व्यक्तिको हकमा निजले बसोबास गरी आएको ठाउँ नै निजको स्थायी बसोबास भएको ठाउँ मानिनेछ ।

स्पष्टिकरण: (क) बसोबास गरेको ठाउँ भन्नाले खेती, उद्योग वा अन्य पेशा गरी बसी आएको ठाउँ सम्झनुपर्छ । कुनै व्यक्ति एक भन्दा बढी

अधिकारप्राप्त मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

ठाउँमा खेती, उद्योग वा अन्य पेशा गरी बसी आएको रहेछ भने ती ठाउँहरूमध्ये निजले रोजेको ठाउँ नै निजले स्थायी बसोबास गरेको ठाउँ मानिनेछ ।

(ख) माथि स्पष्टिकरण (क) मा खेती, उद्योग वा अन्य पेशा गरेको ठाउँ भन्नाले जागीर वा पदीय कर्तव्यको सिलसिलामा बसेको ठाउँलाई जनाउने छैन र कुनै व्यक्ति जागीर वा पदीय कर्तव्यको सिलसिलामा आफ्नो घर धुरी भएको ठाउँभन्दा अन्यत्र बसी आएको रहेछ भने निजको घर धुरी भएको ठाउँ नै स्थायी बसोबास गरेको ठाउँ मानिनेछ ।

(३) माथि प्रकरण (१) मा जेसुकै लेखिको भए तापनि यस अघि आफूले निर्वाचनमा भाग लिएको ठाउँ छाडेर कम्तीमा चार वर्षदेखि कुनै व्यक्ति अन्यत्र कुनै ठाउँमा बसोबास गरी आएको छ भने निजको सम्बन्धमा पनि प्रकरण (२) मा उल्लिखित व्यवस्था लागू हुनेछ ।

(४) माथि प्रकरणहरूमा जे सुकै लेखिएका भए तापनि यो परिभाषा अनुसार कुनै ठाउँमा स्थायी बसोबास गरेको भनी त्यस ठाउँको निर्वाचनमा भाग लिएको व्यक्तिले त्यसरी भाग लिएको कम्तीमा चार वर्ष भुक्तान नभई अन्यत्र कुनै ठाउँमा स्थायी बसोबास सारी गएको आधारमा सो ठाउँको निर्वाचनमा भाग लिन पाउने छैन ।

आज्ञाले–
डा. मोहम्मद मोहसिन
सदस्य–सचिव
गाउँफर्क राष्ट्रिय अभियान
केन्द्रीय समिति

868

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।